WINGECARRIBEE मा बुश आगलागि (Bushfires)

# आपत्कालीन चेकलिष्ट

Wingecarribee SHIRE COUNCIL We're with you

आपत्कालीन अवस्थाहरू जुनसुकै बेला उत्पन्न हुनसक्छ, त्यसैले बुश आगलागी हुनुडढेलो लाग्नु अघि, आगलागी भएको समयमा र आगलागी पछि वा स्थानीय आपत्कालीन अवस्थामा आफूलाई, आफ्नो परिवार, घरपालुवा जनावार र सम्पत्ति सुरक्षित राख्न यी सरल कदमहरू चाल्न आवश्यक छ।

## आपत्कालीन अवस्था अघि

### चेतावनी र सतर्कताहरू पहिचान गर्नुहोस्

- बुश आगलागी सतर्कता तहहरु र आगलागी खतरा श्रेणिकरण संकेत थाहा पाउनुहोस् र अनुगमन गर्नुहोस्।

### आफू निस्कन मिल्ने (इभ्याकुएशन) मार्गहरू जान्नुहोस्

- आफू निस्कन मिल्ने मार्गहरु जानी राख्नुहोस्, कहाँ जानु हुनेछ भनी पहिचान गर्नुहोस् र आफ्नो घरपरिवारसङ्ग अभ्यास गर्नुहोस्।

### तपाईंको सम्पत्ति र सरसामान तयार पार्नुहोस्

- घाँसलाई छोटो राख्नुहोस् र आफ्नो घर वरपरको क्षेत्रलाई खुला पार्नुहोस्।
- गटरमा रहेको पातहरु हटाउनुहोस्।
- आफ्नो घर वरिपरि पुर्याउन मिल्ने लामो होजेज पाईप (Hoses) राख्नुहोस्।
- झ्याल र ढोकाहरूमा तार जाली स्क्रिनहरू फिट गर्नुहोस्।

### आपत्कालीन योजना बनाउनुहोस्

- यदि तपाईंले छिटै निस्कनुकाल्नु (इभ्याकुएट) परेमा के गर्नु पर्छ भनी घरपरिवारका सबैजनाले बुझ्छन् भनी सुनिश्चित गर्नुहोस्।
- आफ्नो बीमा नीतीहरु र व्यक्तिगत कागजातहरु अद्यावधिक छन् भनीरहेको सुनिश्चित गर्नुहोस् र तिनीहरुको त्यसकाको प्रतिलिपीहरु बनाई राख्नुहोस्।
- आपत्कालीन किट प्याक गर्नुहोस्।

## आपत्कालीन अवस्थाको समयमा

जानकारी र निर्देशनहरुको लागि आपत्कालीन सतर्कता र सुचनाहरुलाई ध्यान दिनुहोस्।

धुँवा श्वास लिनबाट आफू बच्न N95 मास्क प्रयोग गर्नुहोस्।

यदि रुरल फायर सर्भिस (RFS) र/वा प्रहरीले भनेमा तुरुन्तै निस्कने व्यवस्था गर्नुहोस्। निस्कन मिल्ने (इभ्याकुएशन) मार्गहरू बारे पछिल्लो जानकारीको लागि स्थानीय अधिकारीहरुसङ्ग जाँच गर्नुहोस्।

**ज्यान जानसक्ने आपत्कालीन अवस्थामा, तिन शुन्य (000) नम्बरमा फोन गर्नुहोस्।**

## आपत्कालीन अवस्था पछि

**फर्कनलाई सुरक्षित छ भनी अधिकारीहरुले नभनेसम्म घरमा नफर्कनुहोस्।**

परिवार र साथिहरुलाई सम्पर्क गर्न टेक्स्ट मेसेज पठाउनुहोस् वा सामाजिक सञ्जाल प्रयोग गर्नुहोस्। प्रकोप पश्चात फोन प्रणालीहरु प्राय व्यस्त हुन्छन्।

जलेका रूखहरू, धुवाँ उड्ने भग्नावशेषका टुक्राहरु र जलिरहेको

अंगारहरुबाट जोगिनुहोस्।

क्षति भएका सम्पत्तिहरुको फोटो खिचेर अभिलेख राख्नुहोस्। एक सूची तयार गरेर आफ्नो बीमा कम्पनीलाई सम्पर्क गर्नुहोस्।

सफा गर्दाखेरी, सुरक्षात्मक लुगा लगाउनुहोस् – लामो बाहुले कमिज, लामो पाइन्ट, काम गर्दा लगाइने पञ्जा र बलियो जुत्ता लगायत।

# आपत्कालीन किट तयार पार्दै (PREPARING AN EMERGENCY KIT)

आपत्कालीन  स्थितिमा आपत्कालीन किटले समय बचत गर्नमा सहयोग गर्न सक्छ। यदि विद्युत बन्द भएमा वा छोटो सुचनामा तपाईले घर छोड्न आवश्यक परेमा आपत्कालीन किटले तपाईंलाई चाहिने वस्तुहरु प्रदान गर्छ।

## सुरु गर्नु

- तपाईंलाई आवश्यक पर्ने चीजहरुको सूचि बनाउन तपाईंको घरपरिवारका सबैजनासङ्ग भेला हुनुहोस्।
- तपाईंको आपत्कालीन किटको लागि बलियो, सजिलैसङ्ग बोक्न मिल्ने पानीबाट सुरक्षित भण्डारण बाकस छान्नुहोस्।
- तपाईंको कार वा कार्यालयमा राख्न तपाईंले सानो झोला पनि तयार पार्न सक्नुहुन्छ।

## बिशेष आवश्यकता भएका पारिवारिक सदस्यहरु

वृद्धवृद्धा, अपाङ्गता भएका मानिसहरु, बच्चाबच्चिहरु वा घरपालुवा जनावारहरु जस्ता बिशेष आवश्यकता भएका तपाईंको परिवारका सबैजनाको लागि सामाग्रीहरु समावेश गर्न नबिर्सनुहोस्।

**बच्चाबच्चिहरु, शिशुहरु र साना बालबालिकाहरु**

- फर्मुला र बोतलहरु
- न्यापिज
- औषधीहरु।

**कुकुरहरु, बिरालोहरु र अन्य घरपालुवा जनावारहरु**

- परिचयपत्र र पट्टा (लिश)
- खाना र पानी
- केज खोर (Cage)/ बास्केट।

**वृद्धवृद्धा र अपाङ्गता भएका मानिसहरु**

- औषधीहरु
- कन्ट्याक्ट लेन्सहरु र आपूर्तिहरु
- चश्माहरु।

बुश आगलागी प्रभावित क्षेत्रका जोखिममा रहेका बासिन्दाहरुलाई तिनीहरुका घरमा सुरक्षित र बिश्वस्तरुपमा बस्नलाई सहयोग गर्ने NSW RFS को **Assist Infirm Disabled and Elderly Residents (AIDER)** कार्यक्रम नि:शुल्क सेवा हो।

## समावेश गर्नु पर्ने वस्तुहरु

- बोक्न मिल्ने ब्याट्रिहरुले चल्ने AM/FM रेडियो
- पानीबाट सुरक्षित टर्च (हेड टर्चहरु राम्रो विकल्प हुन्छन्)
- अतिरिक्त ब्याट्रिहरु
- म्यानुअल सहितको प्राथमिक उपचार किट
- ऊनी कम्बलहरू
- आपत्कालीन सम्पर्क नम्बरहरु (आफैसङ्ग लैजान प्रतिलिपी बनाउनुहोस्)
- घर र चिकित्सा बीमा नीतिहरुको प्रतिलिपीहरु
- पिउने पानी।

## आफू निस्कन अघि

- नगद, ए टि एम (ATM) कार्डहरु, क्रेडिट कार्डहरु
- औषधीहरु, टोइलेट्रिज र स्यानिटरी आपूर्तिका सरसामानहरु
- मोबाइल फोन र चार्जर
- सबैको लागि फेर्ने लुगाफाटाहरु
- ह्याण्ड स्यानिटाइजर र N95 मास्क
- कारको फोन चार्जर र तारहरु
- विशेष आवश्यकता भएका पारिवारिक सदस्यहरुका लागि चाहिने वस्तुहरु
- ल्यापटप/आइप्याड र चार्जर
- पासपोर्ट, परिचयपत्र खुल्ने कागजातहरु, बैकको पछिल्लो स्टेटमेन्टहरु
- खेल्ने तासहरु वा मनपर्ने सानो /बोक्न मिल्ने खेल सामाग्री
- पारिवारिक सम्झनाका चिनोहरु, फोटोहरू, कागजातहरु।

बुश आगलागी व्यवस्थापन बारे थप थाहा पाउन QR कोड स्क्यान गर्नुहोस्।
wsc.nsw.gov.au/environment/Bushfire-Management

**डिस्क्लेमर अस्वीकरण**
प्रहरी वा रुरल फायर सर्भिस (RFS) जस्ता उपयुक्त अधिकारीले तपाईंलाई दिएको कुनै औपचारिक सल्लाहलाई हटाउने यो जानकारीको उद्देश्य होइन।
अप्रिल 2024 सम्म प्रचलित



**Formatted:** Right: 0.5 cm

**Formatted:** Right: 13.5 cm

**Formatted:** Indent: Left: 0.19 cm, Line spacing: single